# एघारौ बैठक

आज मिति २०८१।१२।३१ गते आईतबारका दिन भूमिकास्थान नगरपालिकाका नगर प्रमुख श्री भविलाल थापाज्यूको अध्यक्षतामा देहायको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी तपसिल बमोजिम निर्णयहरु गरियो ।

## तपसिल

| सि.नं. | नाम थर | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री भविलाल थापा | नगर प्रमुख | भुमिकास्थान नगरपालिका | |
| २. | श्री बालकृष्ण बन्जाडे | नगर उप-प्रमुख | भुमिकास्थान नगरपालिका | |
| ३. | श्री गोपाल प्रसाद खनाल | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. १ | |
| ४. | श्री बुद्धि बहादुर थापा | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. २ | |
| ५. | श्री कृष्ण प्रसाद बन्जाडे | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. ३ | |
| ६. | श्री बाबुराम पन्थी सुनार | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. ४ | |
| ७. | श्री जयगोपाल श्रेष्ठ | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. ५ | |
| ८. | श्री प्रेम नारायण बेल्बासे | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. ६ | |
| ९. | श्री रामचन्द्र ढुंगाना | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. ७ | |
| १०. | श्री राजकुमार श्रेष्ठ | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. ८ | |
| ११. | श्री खेमराज चुंदाली | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. ९ | |
| १२. | श्री खगेश्वर पन्थी | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. १० | |
| १३. | श्री खुमा बेल्बासे | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | |
| १४. | श्री केशरा परियार | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | |
| १५. | श्री तिर्था बेल्बासे | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | |
| १६. | श्री ठाकुर सौराग | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | |
| १७. | श्री विष्णु वि.क. | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | |
| १८. | श्री मान बहादुर सुनार | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | |
| १९. | गिता जि.एम. | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | |
| २०. | गिर बहादुर नेपाली | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | |
| २१. | श्री जगदिश चन्द्र नेपाली | सदस्य सचिव एवं प्रमुख प्रशासकीय अधिकृत | भुमिकास्थान नगरपालिका | |

श्री नारायण प्र. रिजाल का.वा. अध्यक्ष वडा-२ " "
श्री वाम्विराम ओली " " " -८ " "

| सि.नं. | नाम थर | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| २२. | तुलाल सापकोटा | शिक्षा शाखा प्रमुख | भूमिकास्थान नगरपालिका | |
| २३. | हरिश्चन्द्र भुसाल | कार्यक्रम अधिकृत | भूमिकास्थान नगरपालिका | (हस्ताक्षर) |
| २४. | जुना पाण्डे | लेखा अधिकृत | भूमिकास्थान नगरपालिका | |
| २५. | शेषकान्त घिमिरे | कम्प्युटर अधिकृत | भूमिकास्थान नगरपालिका | (हस्ताक्षर) |
| २६. | शान्ता आचार्य | म.वि.नि. | भूमिकास्थान नगरपालिका | |
| २७. | सुनिल पोखेल | लेखा सहायक | भूमिकास्थान नगरपालिका | |
| २८ | अशोक खनाल | जिन्सी शाखा प्रमुख | भूमिकास्थान न.पा. | |

<u>प्रस्तावहरु</u>

१. अघिल्लो बैठकको समिक्षा सम्बन्धमा ।
२. प्रदेश समपूरक तथा विशेष आयोजना सम्बन्धमा
३. सुरक्षित नागरिक आवास कार्यक्रम सम्बन्धमा ।
४. कर्मशील जनशक्ति रोजगार आयआर्जन कार्यक्रम सम्बन्धमा ।
५. लक्षित वर्ग विशेष कार्यक्रम सम्बन्धमा ।
६. घ वर्गको ईजाजत पत्र सम्बन्धमा ।
७. विपद् पिडीतहरुलाई राहात वितरण सम्बन्धमा ।
८. स्थायी टनेलको लाभग्राही छनौट सम्बन्धमा ।
९. वैकल्पिक शिक्षक सम्बन्धमा ।
१०. शिक्षक सरुवा सम्बन्धी उजुरी सम्बन्धमा ।
११. खानेपानी सरसफाई तथा स्वच्छता (खासस्वा) योजना सम्बन्धमा ।

निर्णय नं. १ : प्रस्ताव नं. १ माथि छलफल गर्दा अघिल्लो बैठकमा भएका निर्णयहरूको कार्यान्वयनको सन्दर्भमा व्यापक छलफल भयो र उक्त छलफलबाट अघिल्लो बैठकका निर्णयहरूको कार्यान्वयनको अवस्था देहाय बमोजिम भएको पाईयो ।

- भूमिकास्थान नगरपालिकामा संचालन गर्ने मकै प्रवर्धन कार्यक्रमको लागि नगरपालिका भित्रबाट परेका प्रस्तावहरू मध्ये छनौट भएका कृषक समूह तथा सहकारीहरूले कार्यक्रम संचालनको लागि सम्झौता प्रक्रिया अगाडी बढेको ।
- भूमिकास्थान नगरपालिकामा संचालन गर्ने जैविक विविधता सम्बन्धी फिल्ड जिन बैंक स्थापनाको कार्यक्रममको लागि नगरपालिकाबाट सूचना प्रकाशन गरी प्रस्ताव माग गरिएकोमा प्रस्ताव पेश गर्ने व्यक्ति/समूह/सहकारी/समूहहरूलाई छनौट गर्ने निर्णय भएकोमा सम्झौताको कार्य अगाडी बढेको ।
- भूमिकास्थान नगरपालिकामा संघीय सशर्त अनुदानबाट कार्यान्वयन हुने गरी सुरक्षित नागरिक आवास शिर्षकमा प्राप्त बजेटबाट तोकीएको मापदण्डको अधिनमा रही सुरक्षित आवासको लागि लाभग्राही छनौट गर्न सबै वडा कार्यालयहरूले लाभग्राहीहरूको नामावली नगरपालिकामा उपलब्ध गराउने निर्णय भए बमोजिम नामावली प्राप्त भएको ।
- संघीय सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत स्थानीय पूर्वाधार सहयोग कार्यक्रम संचालनको लागि स्थानीय तह छनौट सम्बन्धी मिति २०८१/११/१५ गतेको आशयपत्रको सम्बन्धमा छलफल गर्दा भूमिकास्थान नगरपालिका स्थानीय पूर्वाधार सहयोग कार्यक्रम कार्यान्वयन गर्न ईच्छुक भएकोले तपसिल बमोजिमको प्रतिबद्धताहरू सहितको विवरण संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पेश गर्ने निर्णय भए बमोजिम विवरण सम्बन्धी निकायमा पेश गरिएको ।

(हस्ताक्षर) (हस्ताक्षर) (हस्ताक्षर)

CamScanner

- भूमिकास्थान नगरपालिकामा आर्थिक वर्ष २०८१/०८२ मा नवप्रवर्द्धन साझेदारी कार्यक्रम कार्यान्वयनको लागि सबै वडामा संचालन हुने सीपमूलक कर्मशील जनशक्ति तथा अन्य सहभागीहरूको तालिमको शुभारम्भ\उद्घाटन कार्यक्रम तोकीएको मितिमा भई एक महिने तालिम समेत सम्पन्न भएको।
- भूमिकास्थान नगरपालिका वडा नं. ७, ८ र ९ मा संचालित गरिवसंग विश्वेश्वर कार्यक्रममा प्राप्त बजेटबाट कार्यान्वयन हुने गरी भएको निर्णय योजनाहरूको सम्झौताको कार्य सम्पन्न भएको।
- भूमिकास्थान नगरपालिकाको वडा नं. ७ डुम्चिचौरको केही क्षेत्रमा कर्मशील जनशक्ति मार्फत उत्पादन भएको तोरीको बिक्री मूल्य प्रति के.जि. रू. १२५ तोकने निर्णय भए बमोजिम तोरीको बिक्री समेत भएको।
- कर्मशील जनशक्ति मार्फत भूमिकास्थान वडा नं. ९ र १० मा उत्पादन भएको मकैको बिउ भूमिकास्थान नगरपालिकाका कृषकहरूलाई ५० प्रतिशत अनुदानमा उपलब्ध गराउनको लागि सूचना प्रकाशन गरी निवेदन माग गर्ने निर्णय भए बमोजिम मकैको बिउको माग प्राप्त भएको।

निर्णय नं. २ क) : प्रस्ताव नं. २ माथि छलफल गर्दा प्रदेश समपूरक अनुदान व्यवस्थापन (दोस्रो संशोधन सहित) कार्यविधी, २०८१ मा भएको व्यवस्था बमोजिम स्थानीय तहबाट आगामी आ.व. २०८२/०८३ मा समपूरक अनुदान अन्तर्गत कार्यान्वयन गर्ने क्रमागत तथा नयाँ आयोजना तथा कार्यक्रमहरु छनौट गरी सो को प्रस्ताव सहितको विवरण तयार गरी वि.सं. २०८२ साल वैशाख १५ गते भित्र आर्थिक मामिला मन्त्रालय, लुम्बिनी प्रदेश, राप्ती उपत्यका (देउखुरी) मा माग गरी पठाउन मिति २०८१ चैत्र २९ गते सूचना प्रकाशन भएकोमा यस नगरपालिकाबाट तपसिल बमोजिमका क्रमागत तथा नयाँ आयोजनाहरु छनौट गरी पठाउने निर्णय गरियो।

प्राथमिकताको आधारमा प्रदेश समपूरक अनुदान तर्फको मुख्य आयोजना (आ.व. २०८२/०८३ को लागि प्रस्तावित)

| क्र.सं. | आयोजना/कार्यक्रमको नाम | आ.व. २०८२/०८३ मा नगरपालिकाले लागत साझेदारी गर्ने अंश रकम रू. | आ.व. २०८२/०८३ मा लुम्बिनी प्रदेशले लागत साझेदारी गर्ने अंश रकम रू. | दुवै निकायको आ.व. ०८२/८३ को कुल रकम रू. |
|---|---|---|---|---|
| १ | ठूलाखर्क भूमिकास्थान पिपलनेटा गोलुगा सडक कालोपत्रे (क्रमागत) | ८०००००० | १२०००००० | २०००००००० |
| २ | सेतिबेसरी अधाम बलेन्धारा र डुडुरेपानी बारपाईला राइखने सडक कालोपत्रे वडा नं. ३ र ७ | ८००००००० | १२०००००० | २००००००० |
| | जम्मा | १६०००००० | २४०००००० | ४००००००० |

निर्णय नं. २ ख) : लुम्बिनी प्रदेश योजना आयोगको सचिवालय, राप्ती उपत्यका (देउखुरी), दाङ को मिति २०८१।१२।२९ गतेको प्रदेश विशेष अनुदान तर्फका आयोजना प्रस्ताव गर्ने सम्बन्धी सूचनाको सन्दर्भमा छलफल गर्दा लुम्बिनी प्रदेशको विशेष अनुदान कार्यक्रम संचालन कार्यविधी, २०७६ ( दोस्रो संशोधन, २०८१ समेत) को अधिनमा रही यस नगरपालिकाबाट तपसिल बमोजिमका आयोजना तथा कार्यक्रमहरू छनौट गरी लुम्बिनी प्रदेश योजना आयोगको सचिवालय, राप्ती उपत्यका (देउखुरी), दाङमा प्रस्ताव माग गरी पठाउने निर्णय गरियो।

तपसिल

| क्र.सं. | आयोजना/कार्यक्रमको नाम | ठेगाना | प्रस्तावित विनियोजित बजेट रू. | कैफियत |
|---|---|---|---|---|
| १ | विभिन्न विद्यालय घेराबार तथा मर्मत | भूमिकास्थान नगरपालिका | १००००००० | |

निर्णय नं. ३ : प्रस्ताव नं.३ माथि छलफल गर्दा संघीय सशर्त अनुदान अन्तर्गत सुरक्षित नागरिक आवास शिर्षकमा प्राप्त बजेटबाट चालु आर्थिक वर्षमा घरको छाना विस्थापनको लागि तपसिल बमोजिमका लाभग्राहीहरु छनौट गर्ने निर्णय गरियो।

तपसिल

| क्र.सं. | लाभग्राहीको नाम | वडा नं. | कैफियत |
|---|---|---|---|

CamScanner